प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय

फोन नं.: ०५७-५२७१०४
०५७-५२७१०५
E-mail: edd.bagamati@gmail.com
Website: edd.bagamati.gov.np

पत्र संख्या : २०७७।७८
चलानी नं : ९६९

मिति : २०७७।११।०७

## उच्च शिक्षा अध्ययनरत अपाङ्ग विद्यार्थीहरुको लागि छात्रवृत्ती सम्बन्धी पूनः तेस्रो पटक प्रकाशित सूचना

शिक्षा विकास निर्देशनालय, बागमती प्रदेश,हेटौडाको आ.व. २०७७/०७८ को ( संघ सशर्त अनुदान ) कार्यक्रम अनुसार यस प्रदेशभित्र उच्च शिक्षा अध्ययनरत अपाङ्ग विद्यार्थीहरुको लागि छात्रवृत्ती प्रदान गर्ने कार्यक्रम रहेकोले यस प्रदेश भित्र उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीहरुले तपसिलमा उल्लेखित कागजात सहित सूचना प्रकाशित भएको मिति २०७७/११/१५ गतेसम्म सम्बन्धित जिल्लामा शिक्षा विकास तथा समन्वय इकाइ वा शिक्षा विकास निर्देशनालय,बागमती प्रदेश,हेटौडा निवेदन दर्ता गर्नु हुन यो सूचना पूनः तेस्रो पटक प्रकाशित गरिएको छ।

यस प्रदेश भित्रका १३ वटा ओटा शिक्षा विकास तथा समन्वय इकाइले आवश्यक समन्वय तथा सहजिकरण गरिदिनु हुन् समेत अनुरोध छ।

**तपसिल**

१. अघिल्लो वर्ष/ तह पास गरेको लब्धांक / ग्रेडसिटको प्रतिलिपि
२. क्याम्पस भर्ना भएको प्रमाण ( क्याम्पस भर्ना भएको रसिद र क्याम्पसको पत्र)
३. क्याम्पसमा निरन्तर अध्ययनरत विद्यार्थी भनी क्याम्पसले प्रमाणित गरेको पत्र र अन्य निकायबाट यस किसिमको ( सोही प्रकृतिको ) छात्रवृत्ती नपाएको भनी क्याम्पसले प्रमाणित गरेको पत्र
४. अपाङ्गको श्रेणी खुलेको अपाङ्ग परिचयपत्र र रङ्गको आधारमा श्रेणी खुल्नेको हकमा रङ्ग खुल्ने रंगिन फोटोकपीमा क्याम्पस प्रमुखबाट प्रमाणित प्रतिलिपि
५. छात्रवृत्ती रकम सम्बन्धित विद्यार्थीको बैंक खातामा जम्मा गरिने हुँदा खाता रहेको बैंकको चेकको प्रतिलिपी अनिवार्य पेश गर्नु पर्ने ( चेकको प्रतिलिपी खाता नं. प्रष्ट बुझिने हुनु पर्नेछ। )
६. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी
७. सम्बन्धति विद्यार्थिको फोटो र मोबाइल नं. अनिर्वाय पेश गर्नु पर्ने
८. घरभाडामा बसेको हकमा सम्बन्धी घरधनीले घरभाडामा बसेको भनी लेखिएको सिफारिसपत्र ( उक्त सिफारिस पत्रम घरपेटीको ना.प.को छाँयाप्रति र घर नं अनिवार्य उल्लेख हुनुपर्ने )
९. क्याम्पसको आवासमा बसेको विद्यार्थीको हकमा उक्त आवास स-शुल्क हो भनी शुल्क समेत खुलाई क्याम्पसको सिफारिस पत्र।
१०. अगाडिको सूचनाबाट निवेदन दिनेको हकमा समेत यदि आवासिय/कोठाभाडामा बस्नेको हकमा समेत लागु हुने भएको हुँदा सम्बन्धित सरोकारवाला विद्यार्थीहरुले समेत उक्त आवश्यक कागजात पेश गर्नु पर्ने।

..........................
चन्द्रप्रसाद लुइटेल
( का.मु. निर्देशक )